

**नेपाल-भारत सीमाक्षेत्र जमुनाहमा आइपुगेका नेपाली**

कोरोना संक्रमणको महामारी फैलिएसँगै भारतका विभिन्न ठाउँबाट बाँकेको नेपाल-भारत सीमा क्षेत्र जमुनाहमा आइपुगेका नेपाली ।

तस्बिर : काशीराम शर्मा

# कोरोना संक्रमित बस्ती सिल

■ **प्रभाव संवाददाता**

**भक्तपुर–** भक्तपुर नगरपालिका-९ की ४२ वर्षीया महिला जनप्रतिनिधिमा पिसिआर परीक्षणमा कोरोना संक्रमण भएपछि बस्ती सिल गरिएको छ । उनलाई कोरोना पुष्टि भएपछि शनिबार बिहान प्रहरीको टोलीले संक्रमित बस्ने भक्तपुर नगरपालिका-९ च्यामासिंहबाट ब्रह्मायणी जाने सडकको मालपोत कार्यालय क्षेत्र आसपासका १८ घर रहेको बस्ती सिल गरेको हो । भक्तपुर नगरपालिका जनस्वास्थ्य केन्द्र च्यामासिंहमा गरिएको स्वाब संकलन गरी कोरोना परीक्षण गराउने क्रममा ती महिलाको कोरोना देखिएको थियो । त्यसपछी उनको स्वाब संकलन गरी टेकुस्थित राष्ट्रिय जनस्वास्थ्य प्रगोगशालामा पठाइएकोमा उनलाई संक्रमण भएको पुष्टि भएको हो ।

प्रयोगशालामा भएको परीक्षणकोपनि संक्रमित महिलाले शुरुमा अस्पताल जान नमानेकी उनलाई नगरपालिकाका अन्य जनप्रतिनिधि र प्रहरीको आग्रहमा पाटन अस्पतालको आइसोलोशनमा लगिएको महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक सविन प्रधानले बताए । टेकु अस्पताल लैजाने तयारी गरिए पनि संक्रमित महिलामा मुटु रोग भएकाले पाटन अस्पताल लगिएको उनले जनाए ।

संक्रमित महिला नगरपालिकाको बैठक, पार्टीको गतिविधि, राहत वितरणदेखि कोरोना संक्रमणबाट कसरी बच्ने र बचाउने भन्नेबारेमा स्थानीय टोल टोलमा जनचेतनासमेत फैलाउँदै टोलीमा रहेको बुझिएको छ । यसअघि मुटुको शल्यक्रिया गरिसकेको उनी स्वास्थ्य परीक्षणका लागि पटक पटक अस्पताल जाने गरेको र अस्पतालबाट वा समुदायमा विभिन्न गतिविधिमा हिंड्ने भएकाले समुदायबाटै पनि संक्रमण भएको हुनसक्ने अनुमान स्थानियले गरेको छ ।

यससंगै संक्रमित महिलाको परिवारको अन्य सदस्यलाई निगरानीमा राखेर स्वाब संकलन गर्ने तयारी गरिएको प्रहरी उपरीक्षक प्रधानले जनाए । उनका अनुसार वडा अध्यक्षलगायत अन्य जनप्रतिनिधि आफ्नै घरमा क्वारेन्टाइनमा बसेका छन् ।

जनप्रतिनिधिमा नै कोरोना भाइरस संक्रमण पाइएपछि भक्तपुर नगरपालिका क्षेत्र जोखिम क्षेत्रमा परेको छ । भक्तपुरकी प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेले भक्तपुर नगरपालिकाको समुदायस्तरमै कोरोना भाइरस जोखिम बढेकाले जतिसक्दो छिटो परीक्षण बढाउनुपर्ने आवश्यकता रहेकाले नगरपालिकासग यसबारेमा छलफल भइरहेको बताए ।

संक्रमित महिला जनप्रतिनिधिकै वडा कार्यालयमा काम गर्ने सचिवको आरडिटी पोजेटिभ देखिए पनि पिसिआर भने नेगेटिभ आएको छ । महिला जनप्रतिनिधिसँगै भक्तपुरको स्थानीय समुदायमा दुई र बाहिरी जिल्लाबाट आएर बस्ने दुई गरी चारजनामा संक्रमणको पुष्टि भएको छ ।

# फरार संक्रमित फेला



■ **प्रभाव संवाददाता**

**राँझा–**बाँकेको नरैनापुर गाउँपालिकाबाट शुक्रबार फरार भएका एक संक्रमितलाई प्रहरीले शनिबार नियन्त्रणमा लिएको छ । जिल्ला प्रहरी कार्यालय बाँकेका प्रहरी उपरीक्षक वीरबहादुर वलीले नरैनापुर ३ नेपाल राष्ट्रिय प्राथमिक विद्यालय, शंकरनगर कोटियाको क्वारेन्टिनमा रहेका १२ संक्रमितमध्ये कोरोना पुष्टि भएसँगै शुक्रबार फरार भएका एक जनालाई बिहान ३ बजे फेला पारी नेपालगञ्ज ल्याइएको बताए ।

संक्रमित पुष्टि भएपछि आइसोलेशन केन्द्रमा व्यवस्थापनका लागि नेपालगञ्जबाट एम्बुलेन्ससहित सुरक्षाकर्मी र स्वास्थ्यकर्मीको टोली नरैनापुर पुग्दा स्थानीयवासीले अवरोध गरेपछि शुक्रबार पुष्टि भएका संक्रमित क्वारेन्टिनबाट बाहिर निस्किएका थिए । बाह्र संक्रमितलाई शुक्रबार राति करीब १२ बजे नेपालगञ्ज ल्याएर फरार संक्रमित खोज्न खटिएको सुरक्षा टोलीले गाउँमै लुकेर बसेका अवस्थामा उनलाई बिहान फेला पारेको प्रहरी उपरीक्षक वलीले बताए ।

उनले स्थानीयवासी र अन्य सरोकार भएकाहरूले असहयोग गर्दा नरैनापुरबाट संक्रमितलाई ल्याउन पटकपटक अवरोध देखिए पनि आफूहरूले धैर्यपूर्वक काम गरिरहेको बताए ।

यससंगै नरैनापुरको अर्को विद्यालयमा रहेका क्वारेन्टिनमा एकसहित शुक्रबार मात्रै नरैनापुरमा १३ र राप्तीसोनारीमा एक गरी बाँकेमा १४ संक्रमित थपिएको जिल्ला स्वास्थ्य कार्यालय बाँकेका कोरोना फोकल पर्सन नरेश श्रेष्ठले जानकारी दिए ।

कोरोना महामारीको कठिन परिस्थितिमा स्वास्थ्य र सुरक्षाकर्मी तथा एम्बुलेन्स चालक जोखिममा परेर संक्रमित पत्ता लगाउदै व्यवस्थापन गर्न खोज्दा बिरामीलाई क्वारेन्टिनबाट आइसोलेशन केन्द्र र अस्पतालसम्म ल्याउन सबैको साथ नपाउनु चिन्ताको विषयसमेत भएको गुनासो गरे । सदरमुकाम नेपालगञ्जबाट करिब ३५ किलोमिटर दक्षिणपूर्व भारतसँग सीमा जोडिएको नरैनापुर मात्रै ८७ संक्रमित पुगेका छन् ।

**कोरोना विजेतालाई गाउमा स्वागत**

एक्काइस संक्रमितले कोरोना भाइरसलाई पराजित गरेर घर फर्किंदा नेपालगञ्जको जोलाहनपूर्वा टोलमा खुशियाली छाएको छ । बाइसौं दिनमा कोरोना परास्त गरी खजुरास्थित कोरोना विशेष आइसोलेशन अस्पतालबाट शुक्रबार घर पुग्दा नेपालगञ्जको पहिलो कोरोना खतरा क्षेत्र बन्न पुगेको जोलाहनपूर्वावासीले हर्षका साथ स्वागत सम्मान गरेका थिए ।

टोलका सबैजना एकसाथ घर फर्किंदा टोलवासीमा कोरोनाको त्रास हटेर खुशीको वातावरण सिर्जना भएको स्थानीयवासी नेपालगञ्ज उपमहानगरपालिकाका पूर्वउपप्रमुख समसुद्दिन सिद्दिकीले बताए ।

एकैसाथ धेरै संक्रमित हुँदा निराश र त्रासमा रहेका घरपरिवार र टोलवासी बिरामी निको भएर घर फर्किंदा रमजान पर्वको पूर्वसन्ध्यामा खुशी साटासाटसमेत गर्ने वातावरण बनेको उनको भनाइ थियो ।

# भारतबाट आउने सबै क्वारेन्टाइनमा

■ **प्रभाव संवाददाता**

**धादिङ –** भारतबाट धादिङ प्रवेश गरेका सबै २ सय १७ जनालाई क्वारेन्टाइमा राखिएको छ । रोजगारीका क्रममा उनीहरू भारत रहेकोमा कोरोनाको महामारीको कारण स्वदेश फर्केका हुन । उनीहरू शनिबार धादिङ आइपुगेको धादिङका प्रमुख जिल्ला अधिकारी अस्मान तामाङले बताए ।

उनीहरूमध्ये सुनौली नाकाबाट १ सय ३३ जना र रूपन्देहीका विभिन्न क्वारेन्टाइबाट ८४ जना धादिङ आएका हुन् । रूपन्देहीका ८८ जनालाई लिन नीलकण्ठ नगरपालिकाले चार वटा बस पठाएको थियो । भने, सुनौली नाकाबाट १ सय ३३ जना आफ्नै खर्चमा आएका प्रमुख जिल्ला अधिकारी तामाङले बताए ।

भारतको विभिन्न स्थानबाट सुनौली नाका आएका हजारौं नेपाली सीमामा अलपत्र पर्ने क्रम बढ्न थालेपछि रूपन्देही जिल्ला प्रशासन कार्यालयले सम्बन्धित जिल्ला प्रशासनसँग समन्वय गरेर उनीहरूलाई आ-आफ्नो जिल्ला पठाएको जनाएको छ । सुनौली नाकाबाट जिल्ला भित्रिएका मध्ये नीलकण्ठ नगरपालिकाका १२ जना वालबालिकासहित ७९ जना, सिद्धलेक गाउँपालिका २३ जना, नेत्रावती डबजोड गाउँपालिका ११ जना र ज्वालामुखी गाउँपालिकाका २ जना रहेका छन् ।


## छायाँनाथ रारा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
गमगढी, मुगु
कर्णाली प्रदेश, नेपाल

**बोलपत्र स्वीकृतीका लागि छनौट गरिएको आशयको सूचना**

**सूचना प्रकाशित मिति : २०७७।२।११**

यस छायाँनाथ रारा नगरपालिकाको चालु आ.व. २०७६।०७७ मा संचालन हुने तपसिलका आयोजनाहरुको विभिन्न मितिमा प्रकाशित सूचना बमोजिम निम्न निर्माण कार्यका लागि बोलपत्र आह्वान भई तोकिएको म्याद भित्र पर्न आएका बोलपत्रहरु मूल्याङ्कन हुँदा न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतीका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**तपसिल**

| सि नं | ठेक्का नं | आयोजनाको विवरण | बोलपत्र दाताको नाम | बोलपत्र दाताको ठेगाना | कबोल अंक (भ्याट सहित) | कैं |
|---|---|---|---|---|---|---|
| १ | MUGU/CRM/W/NCB-14/2076/77 | गमगढी चैन पिना राताचौर सडक स्तरोन्नती | अरुन निर्माण सेवा | मैनापोखर, बर्दिया | ११५४१९७११८ | |
| २ | MUGU/CRM/W/NCB-15/2076/77 | कवर्ड हल तथा सभाहल निर्माण | अरुन निर्माण सेवा | मैनापोखर, बर्दिया | १३१९०१६०।०० | |

**प्रमुख प्रशासकीय अधिकृत**


## संक्षिप्त

### दुर्घटनामा चालकको मृत्यु

**सुनसरी (प्रस)–** गढी गाउँपालिका-६ सत्तेरझोडास्थित सडकमा को.१ त ९६८९ नम्बरको ट्याक्टर अनियन्त्रित दुर्घटना हुँदा चालकको घटनास्थलमै मृत्यु भएको भएको छ । मृतक ट्याक्टर चालक सोही नगरपालिका-११ दुहबी बस्ने २४ वर्षीय फुलचन ऋषिदेव रहेको प्रहरूरीले जनाएको छ । दुर्घटना गत शुक्रबार भएको हो ।

### करेन्ट लागेर मृत्यु

**रौतहट(प्रस)–** कटहरिया नगरपालिका-२ फतेपुर बस्ने ३० वर्षीय हरि कुमार सहनीको शुक्रबार करेन्ट लागेर मृत्यु भएको छ । देवाही गोनाही नगरपालिका-६ कर्कच बस्ने राम अयोध्या ठाकुरको घरमा कलधारा निर्माणको लागि फलामको पाईप जमिन मुनी गाड्ने क्रममा विद्युतको पोलको नाङ्गो तारमा छुनासाथ करेन्ट लागेर सहनीको घटनास्थलमै मृत्यु भएको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेका जनाएको छ ।


## श्री मच्छिन्द्र सल्लेरी सामुदायिक वन उपभोक्ता समूह चौविसे गा.पा .५ र ७ धनकुटाको

**गोलिया काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७७/ ०२/११ गते

यस समूहको आ.व. २०७/७७ मा सामुदायिक वनबाट रुखहरु कटान भई उत्पादन भएका लट नं १-२०७६-०७७ को खोटे सल्ला जातका जम्मा ७४३ थान गोलिया काठको ७८०९.०५ घनफिट काठहरु हमेसा खेलमैदान चौबिसे गा.पा.-७, धनकुटामा घाटगद्दी गरी राखिएको हुँदा उक्त काठहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी गोप्य शिलबन्दी टेण्डरद्वारा लिलाम बढाबढ गरी बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक ब्यक्ति संघसंस्था फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशीत भएको मितिले २१ दिनभित्र गोप्य शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीका लागि समूहको कार्यालयमा सर्म्पक गर्नुहुन अनुरोध छ । विस्तृत सूचना समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।



## काठ दाउरा बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७७/०२/११ गते**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रमा कटान आदेश भई घाटगद्दीमा राखिएको विभिन्न जातको गोलिया १२९० थानको १०१९८.० घनफिट काठ र दाउरा १९ चट्टा जे जस्तो अवस्थामा सोही अबस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक काष्ठ व्यवसायी, संघ संस्था, फर्म वा कम्पनी (भ्याटमा दर्ता रहेको) ले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीका लागि यस समूहको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ । पूर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**मैनापोखरी सामुदायिक वन उपभोक्ता समूह**
घोडाघोडी न.पा- ८, कैलाली



## काठ दाउरा बोलपत्रद्धारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति :२०७७/०२/११ गते**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रमा कटान आदेश भई घाटगद्दीमा राखिएको विभिन्न जातको गोलिया ६९८ थानको ७०३१.२ घनफिट काठ र दाउरा १९ चट्टा जे जस्तो अवस्थामा सोही अबस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक काष्ठ व्यवसायी, संघ संस्था, फर्म वा कम्पनी (भ्याटमा दर्ता रहेको) ले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीका लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पूर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**लठुवा सामुदायिक वन उपभोक्ता समूह**
घोडाघोडी न.पा- ८, कैलाली

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# नक्सा मात्र नेपालको हातमा नहोस्

करिब ६ दशकदेखि नेपाल–भारतबीच सीमाको कचिंगल रहँदै आएको छ । यो समस्या नेपाल र भारत दुवै देशको राजनीतिक तहमा समाधान नहोस् भन्ने भन्ने चाहना थियो । खासमा भारतले नेपालको भूमिलाई हत्याएर विस्तारवादको नीतिलाई अघि बढाइरहेको थियो भने नेपाली नेताहरूले भने चुनावताका राष्ट्रवादको कुरा गरेर जनताको दिमाग भुट्ने काम गरिरहेका थिए । तर, जब अहिलेको सरकारले सुगौली सन्धिअनुसार नेपाली भूमिलाई समेटेर नयाँ नक्सा जारी गरेपछि अब भने नेपाल र भारतबीचको सीमा विवाद कि त बढेर जान्छ, कि त साम्य हुने नै छ । यसलाई अब सरकारले चाल्ने कदमले निर्धारण गर्ने छ । भारतले पश्चिममा मात्र नभएर नेपालका तराई भेगमा रातारात सीमा मिच्दै आएको छ । नेपाली भूमि मिचियो भनेर नेपाली सञ्चारमाध्यममा समाचार बग्रेल्ती आइरहे पनि सरकारले यसलाई वास्ता गरेको थिएन ।

सुगौली सन्धिअनुसार लिपुलेक, लिम्पियाधुरा र कालापानीलाई समेटेर नेपालले नयाँ नक्सा जारी मात्र गरेन, उसले नयाँ नक्साअनुसार संविधान पनि संशोधन गर्ने भएको छ । यो अत्यन्तै उत्साहजक कार्य हो । तर, यी भूमिलाई भारतले पनि आफ्नो नक्सामा समावेश गरेको छ । अब भारतले आफ्नो नक्सा सच्याउन लगाएर नेपाली भूमिबाट आफ्नो सेना फिर्ता लगेपछि मात्र यो नक्सामाथि न्याय हुन्छ । तर, यो सीमाको विवादलाई भारत सरकारले वास्ता नगरी 'बेवास्ताको सिद्धान्त' लागू गर्छ भने यसले नेपाल र भारतबीच सधैँ किचंगल हुने नै छ । त्यसैले अब नेपाल सरकारले नयाँ नक्सालाई लागू गर्नका लागि कूटनीतिक तहमा कोसिस गर्नुपर्छ । यदि नेपालको नयाँ नक्सामाथि भारतले बेवास्ताको सिद्धान्त लागू गऱ्यो भने नक्सा हाम्रो हातमा भूमि भारतको हातमा हुने सम्भावना बढेर जान्छ ।

सरकारले नयाँ नक्सा जारी गरेपछि नेपाली भूभागबाट भारतको उपस्थिति र नियन्त्रणको अन्त्य गरिनुपर्छ । अन्यथा नेपालको नक्सामा भारतको नयाँ दिल्ली गाभेर सार्वजनिक गरे पनि हुने हुन्छ । नेपालको परिवर्तित नक्सालाई तत्काल संविधानको अंग बनाएर राष्ट्रिय संकल्प बनाइनुपर्छ । नक्सा संविधानको अंग भएसँगै राष्ट्रिय स्वाभिमानको लडाइँमा महत्त्वपूर्ण अध्याय सुरु हुन्छ तर यसका लागि नेपालले कूटनीतिक तवरमा कुरा गर्न पछि पर्नु हुँदैन । भारतले बेवास्ताको सिद्धान्त अपनायो भने यो मामलालाई अन्तर ाष्ट्रियकरण गर्नुपर्छ । प्रभावकारी कूटनीतिक पहल गरिएन भने नेपालीको हातमा नक्सा मात्र हुन्छ । यो सबैभन्दा कमजोरी हुनेछ । नेपालले यी क्षेत्रलाई आफ्नो भनेर घोषणा गर्दा पनि भारतले ती नेपाली भूभागमा उपस्थितिसँगै नियन्त्रणमा राखेको अवस्था छ । अबको बाटो भनेको नेपाली भूभागबाट भारतको उपस्थिति तथा नियन्त्रणको अन्त्य गरी आफ्नो प्रभावकारी नियन्त्रण स्थापित गर्नुपर्छ अन्यथा नक्सामा नै चित्त बुझाउनु पर्ने अवस्था आउन सक्छ ।



हरि गोपाल प्रधान

# इलाम कन्याम– नपुगी नहुने ठाउँ

राजनीतिक, आर्थिक, सामाजिक, शैक्षिक र मनोवैज्ञानिक कारणले फस्टाउन नसकेको पर्यटन क्षेत्र अहिले



बिस्तारै फस्टाउँदै जान थालेको छ । त्यसैले पर्यटकीय गन्तव्य बन्ने गरेको इलाम पनि अचेल चर्चाको उच्च विन्दुमा रहेको छ ।

आन्तरिक पर्यटनका लागि प्रसिद्ध रहेको इलामलाई कृषिक्षेत्रको आधुनिकीकरणले पनि साथ दिएको छ । फिक्कल, कन्याम, माइपोखरी, सन्तपुर, छिन्तापु, कान्छी पाथीभरा, सिद्धिथुम्का, माङमालुङ, देवानछाप, करफोक, इभाङजस्ता पर्यटकीय स्थलहरूको प्रचुरताले गर्दा इलामले राष्ट्रिय प्रसिद्धि आर्जन गर्न सकेको छ । सूर्यको पहिलो किरण पोखिने श्रीअन्तु र कञ्चनजंघा हिमाल त इलामका शिरविन्दु हुँदै हुन् । कन्यामबाट करिब ४७ किलोमिटर गाडीमा गएपछि श्रीअन्तु पनि पुग्न सकिन्छ । इलाम, कन्याम पुग्न काठमाडौंको झापाको चारआलीबाट ३३ किलोमिटरमा पुगिन्छ ।

जैविक विविधता, दृश्यावलोकन र धार्मिकताका कारणले पनि प्रसिद्ध रहेको इलाम काँडेभ्याकुर, रेडपान्डा, सुनाखरी र विभिन्न प्रजातिका गुराँसहरूका कारणले पनि चर्चित छ । नगदेबाली र पशुपालनले पनि इलामलाई चम्काएको छ । विशेषगरी चियाखेती यसको मुख्य पहिचान हो । चियाको बुटामा बैशाखदेखि असोजसम्म मुना पलाउँदै बोट बन्छ । चिया बोटैबाट मुना टिपेर खाउँजस्तो लाग्छ । नेपालमा चियाखेतीको उद्‌गमस्थान इलाम नै हो र इलाममा नै पहिलोपल्ट १९३५ सालमा चिया कारखाना खोलिएको हो । चियाको बजार एकदमै राम्रो छ र ३० हजार किसानहरू चियापति उद्योग व्यवसायमा संलग्न छ । त्यसैले नेपालको औद्योगिक विकासको प्रारम्भ नै इलामबाट भएको हो भन्न सकिन्छ । चीज फ्याक्ट्री, चिस्यान केन्द्र र डेरीहरू पनि यहाँ प्रशस्त छन् ।

खोल्साखोल्सी र ओसिला पाखाहरू भएकाले अलैँचीका बगानहरू पनि प्रशस्तै छन् । नेपालमा अलैँची खेतीको प्रारम्भ गराउने श्रेय पनि इलामलाई नै जान्छ । अकबरे खुर्सानी, अम्लिसो, बाँस, घाँस, आलु, अदुवा, ओखती, फूल, इस्कुस, सिस्नु आदि सबै-सबै औद्योगिक वस्तुका रूपमा विकसित हुन थालेका छन् । यी सबैलाई इलामका बासिन्दाले पैसाको बोट बनाएका छन् । इलामको पर्यटन यिनै विषयवस्तुको सेरोफेरोमा घुमेको छ । अब चिया प्रशोधन कारखाना, दुग्ध पाउडर कारखाना, सुठो कारखाना र कागज कारखाना पनि स्थापना हुन सके यस मन्दिरमा गजुर थपिनेछ ।

हरेकवर्ष पर्यटकहरू बढ्ने ठाउँ पनि इलाम नै हो । इलामको प्रवेशद्वार कोलबुङको किटेनीमा पर्यटन सूचना केन्द्र रहेको छ । त्यस संस्थाले पर्यटकहरूको अभिलेख राखेको हुन्छ । त्यस संस्थाका अनुसार इलामको पर्यटनको हरेक वर्ष बढोत्तरी भइरहेको छ । बाह्य पर्यटकभन्दा आन्तरिक पर्यटक बढी मात्रामा त्यहाँ भित्रिन्छन् । माइपोखरी, सन्दकपुर, गजुरमुखीजस्ता केही स्थानमा जान नियमित सवारीसाधन नपाइने भएकाले त्यस्ता महत्त्वपूर्ण केही ठाउँहरू अझै उन्नत बन्न सकेका र पर्यटकको प्रथम रोजाइमा पर्न सकेका छैनन् । तर, विदेशी पर्यटकहरू इलाममा चार-पाँच दिनसम्म त बसेकै हुन्छन् । आन्तरिक पर्यटकको बसाइँ चाहिँ छोटो नै हुन्छ, एक-दुई दिनको मात्रै । पर्यटक बढे पनि व्यवसायको प्रवर्द्धन हुन नसक्नुलाई चाहिँ इलामको कमजोरीका रूपमा स्विकारिएको छ ।

५ हजार ५ सय फिट उचाइँमा



रहेको कन्याम, इलाम जतिसुकै दिन घुमे पनि धित नमर्ने ठाउँ हो । छिनमै घाम लाग्ने, छिनमै भुइँकुहिरो देखिने र पानी पर्ने खालको मौसम छ इलाममा । आकाश उघ्रिएर घमाइलो हुनेबित्तिकै इलामको सौन्दर्यमा चार चाँद लागिहाल्छ । त्यस्तो प्रकृति सबैतिर पाइँदैन । धेरै पर्यटकहरू इलाम, फिक्कल हुँदै दार्जिलिङ गरेको पनि पाइन्छ ।

भदौको दोस्रो साता बितेपछि इलाम घुम्न जान थाल्छन् पर्यटकहरू । चियाका हरिया मुनाले त्यसबेला हरेक व्यक्तिको मनलाई मोहित बनाइदिन्छन् । कन्यामको चियाबारीमा बसेर कञ्चनजंघालाई पृष्ठभूमिमा राखी तस्बिर खिच्ने रहर सबैको हुन्छ त्यस बेला । झापाको चारआलीबाट मेची राजमार्गतिर मोडिएपछि छुने चिसो बतासले हरेक पर्यटकले सुरुमै इलामको विचित्रको चित्र मनमा सजाउन थालिहाल्छ । कुटीडाँडाको सिँढी र हर्कटेले पनि पर्यटकलाई मोहनी लगाइदिन्छन् । घोडा चढ्न खोज्नेले घोडा चढ्न पनि पाउँछन् । छुर्पी, बम्बइसन, ललीपप, घिउजस्ता फर्कँदा लैजाने कोसेलीका लागि पनि इलामले नाउँ कमाएको छ ।

बौद्ध धर्मावलम्बी लाप्चाहरूको गाउँ र उनीहरूका ऐतिहासिक गुम्बाहरू नहेर्ने हो भने इलामको पर्यटकीय स्थललाई सर्वांगपूर्ण रूपमा हेरेको ठहरिँदैन । सूर्योदय हेर्ने कुरा त यहाँ उल्लख नै नगरे पनि हुन्छ, किनकि त्यो त इलामको मुख्य र बहुचर्चित विशेषता नै भइहाल्यो ।

अचेल इलामका ठाउँठाउँमा होमस्टेहरू पाइन्छन् । स्वागत-सत्कारका लागि कमी हुन दिँदैनन् इलामेहरूले । होमस्टेमा लाप्चा, मगर, राई, तामाङ जातिका आआफ्नै मेन्यु पाइन्छन् । उनीहरू परम्परागत गीत सुनाएर र नृत्य देखाएर पनि मनोरञ्जन गराउँछन् पर्यटकलाई । स्थानीय चामलको भात, स्थानीय कुखुरा, आलुको तरकारी, सिन्की र गुन्द्रुक, स्थानीय रक्सी, तोङ्बा, सुकुटी, अकबरे आदि खाद्यवस्तुहरू खान पाउँछन् होमस्टेमा आन्तरिक तथा बाह्य पर्यटकहरू । समालबुङ गाउँमा त २-४ सय पर्यटक पनि एकैचोटि अटाउन सक्छन् ।

नयाँबजारको सिद्धपोखरी, सोयाङको साततले झर्ना र मलुपोखरी, माईमझुवाको जैविक विविधता, टोङ्के झर्ना, बालनगाउँ, जुमुनाको चोयाटार वन, प्याङको थुम्के, पानीटार चियाबारी, सिद्धिथुम्का, मिक्लातोङजस्ता त कति छन् कति, रमाइला र घमाइला ठाउँहरू इलाममा । ती ठाउँहरूमा पनि अचेल पर्यटकहरूको ध्यान तानिन थालेको छ र ती ठाउँहरू पनि भाग्योदयको प्रतीक्षामा छन् ।

इलाम भनेको सूर्योदयका उत्कृष्ट दस गन्तव्य भएको ठाउँ हो । ती दस उत्कृष्ट गन्तव्यस्थल हुन् फिक्कल, मिर्मिरे डाँडा, श्रीअन्तु डाँडा, अन्तुपोखरी, करफोक, कन्याम, पञ्चकन्या मन्दिर, सुन्दरपानी, लेप्चा गुम्बा र सिमपानी । हुन त चिया बगान सिन्धुपाल्चोक भोटेचौर, साँखुको जर्सिङ्पौवा चिया बगान र ललितपुरको दक्षिण गाउँ पनि चियाको खेती गर्न थालेको छ । भट्टेडाँडा, दल्चोकी, देविचौर, नल्लु भारेदउमा पनि चियाको खेती गर्न सकिन्छ । जे होस्, कन्याम, इलाम नपुगी नहुने ठाउँ हो । इलाममा पुग्न पाइएन भने जिन्दगीमा एकपल्ट इलाम पुगेर जीवनलाई सार्थक पार्नु बेस हुन्छ ।

## मननयोग्य

# सदाचार

जसरी सानै भए पनि रथ (बग्गी या गाडा )ले भारी बोकेर ढुवानी गर्न सक्दछ तर आकारमा रथभन्दा ठूलो भए पनि भुइँमा खडा भएको वा लडिरहेको दाउरा वा काठले भारी ढुवानी गर्न सक्दैन । यसैगरी जो श्रेष्ठ र उत्तम कुलमा जन्मेको मानिस छ उसले भारवान गर्न सक्दछ अर्थात आफ्नो जिम्मेवारी उत्तरदायित्त्व वहन गर्न समर्थ हुन्छ । तर साधारण मानिसले भने आफ्नो उत्तरदायित्व वहन गर्न सक्दैन ।

जसको रिसले आफू डराउनुनपरोस् तथा शङ्कास्पद स्थितिमा जसलाई सेवा र सहयोग गर्नुपरोस् यस किसिमको व्यक्ति साथी (मित्र) हुँदैन । जसलाई आफ्नो बाबुलाई समान विश्वास गर्न सकिन्छ ऊ नै साथी हुन्छ । अरुहरू भने केवल सङ्गी मात्रै हुन् । पहिलेको कुनै नाता सम्बन्ध नहुँदानहुँदै पनि जसले मित्रताको व्यवहार गर्दछ ऊ नै बन्ध, मित्र, सहरा एवम् आश्रयस्थल पनि हो ।

चित्त चञ्चल हुने र बुढोपाकाको सेवा नगर्नेलाई अस्थिर बुद्धि भएको मानिस भनिन्छ । जसरी हाँसहरू सुकेको (हिलो भएको तर पानी नभएको) तलाउको यताउती मडारिइरहन्छन्भित्रपट्टि पस्दैनन् त्यसैगरी चञ्चल चित्त भएको मानिस पनि अज्ञानी हुन्छ अनि आफ्ना इन्द्रीयहरूलाई नियन्त्रणमा राख्न वैभव (धन) पनि प्राप्त हुँदैन । दुष्ट मानिसहरूको स्वभाव मेघको झैँ चञ्चल हुन्छ दुष्ट मानिसलाई अनायस रिस उठ्ने हुनाले अर्कासँग क्रोध गर्दछन् साथै विनाकारण (त्यसै) खुसी पनि भइदिन्छन् ।

जो मानिस साथीभाइहरूबाट सत्कार पाएर आफ्नो कामसमेत फत्ते गर्दछ । यस पछि आफूलाई हित गर्ने साथीहरूप्रति स्वंय हितकारी हुँदैन । त्यस्तो व्यक्ति मरेतुल्य हो, त्यस मुर्दालाई मांसभोजी गिद्धले पनि खाँदैन (चथोर्दैन)। धन होस् वा नहोस् साथीभाइको स्वागत गर्ने गरोस् । साथीसँग कुनै चिज पनि नमागोस् तथा मित्रको सारता -असारताबारे परिक्षा नगरोस् । संसारमा लोभी मानिसहरू आफ्नो मतलब साध्य गर्नका लागि मात्र मित्रलाई आदर गर्ने गर्दछन् । यस्ता मतलबीलाई मित्र भन्न मिल्दैन । ऊ त व्यापारीतुल्य हो । व्यापारीहरू घरमा होस् वा पसलमा होस्, लाभ दिने व्यक्तिको मात्र आदर सत्कार गर्दछन्। तर जससँगबाट लाभ हुने देखिँदैन उससँग राम्रो बोल्न पनि हिचकिचाउँछन् ।तर निर्लोभी मानिसहरू भने मित्रको महत्व बुझेर कुनै मतलब (साध्य) गर्नु नपरे पनि उनीहरूप्रति आदर नै गर्ने गर्दछन् ।

## पत्र–मञ्जुषा

# कृषिलाई किन हेपिन्छ ?

**प्रिय् सम्पादकज्यू,**

सरकारले एकोहोरो समृद्धि भन्दै आएको छ । त्यसो त सत्तारुढ दलका हरेक नेता तथा कार्यकर्ताको मुखमा पनि समृद्धि झुन्डिएको छ । पुनश्च विपक्षी दलहरूले चाहिँ समृद्धि नचाहेको भन्ने खोजिएको होइन । समृद्धि सबैका लागि आवश्यक कुरा हो । मुलुक र जनता समृद्धशाली हुने हो भने मुलुक गरिबीबाट मुक्त हुनेछ । यसो भयो भने मुलुक आफैँ शान्त हुन्छ । अहिले मुलुकमा धनी र गरिबको खाडल बढ्दै गइरहेको छ । कृषकहरू सधैँ घाटामै काम गरिरहनुपर्ने तर बीचमा बसेर काम गर्ने बिचौलियाहरूको स्तर भने ह्वात्तै बढ्ने क्रम उच्च देखिएको छ । कृषक र उपभोक्ताबीच बस्ने बिचौलियाहरूले कृषकको उत्पादनलाई अत्यन्तै न्यून रकम तिर्ने गर्छन् फेरि ती उत्पादनलाई उपभोक्तासम्म पुऱ्याउँदा पनि उच्च मूल्य लिने गरेका छन् । बिचौलियाको एकाधिकार (सिन्डिकेट) का कारण कृषक र उपभोक्ता सधैँ ठगिने तर बिचौलिया चाहिँ मोटाउने काम भएको छ ।

अब सरकारले बिचौलियाहरूमाथि 'वाच डग'का रूपमा काम गर्नुपर्छ । कृषकलाई प्रोत्साहन गर्न विभिन्न कार्यक्रम ल्याउनुपर्छ । कृषकको उत्पादनलाई अवमूल्यन गरेर महँगो भाउमा उपभोक्तालाई बिक्री गर्ने परिपाटी बन्द गरिनुपर्छ । कृषकको उत्पादनको भाउ आकाश छोए पनि कृषकले भने कहिल्यै मूल्य पाउँदैनन् । यसैले गर्दा अहिले कृषकमा एक किसिमको नैरश्यता छाएको देखिएको छ । अब सरकारले कृषकलाई माथि उठाउँनका लागि डटेर लाग्नुपर्छ । उपभोक्ता र कृषकबीचका बिचौलियाहरूको सिन्डिकेट हटाउन सरकारले कुनै कसर बाँकी राख्न मिल्दैन । सिन्डिकेट हटाउने गृहमन्त्रीको उद्‌घोष अहिले सेलाएको छ । मुख्यरूपमा कृषकहरूलाई मर्कामा पार्ने बिचौलियाको सिन्डिकेट हटाउने मात्र हो भने पनि कृषकलाई राहत हुने देखिएको छ । तर, सरकारले यतातिर ध्यान दिएको छैन ।

कृषकलाई उत्प्रेरणा दिनका लागि विभिन्न योजनाहरू अघि ल्याउनुपर्ने देखिन्छ । अहिले मात्र पूर्वी एक जिल्लामा सक्रिय गाईपालक कृषकलाई प्रोत्साहनस्वरूप नगद इनाम दिने समाचार बाहिर आएको छ । यसलाई अब संस्थागत रूपमै अघि बढाउनु जरुरी छ । गाईपालक कृषकले प्रोत्साहनस्वरूप नगद पुरस्कार पाएपछि कृषिमा सबैको ध्यान जान सक्छ । कुनै समयमा कृषिप्रधान देशका रूपमा चिनिने नेपालले अहिले खाद्यान्न आयात गर्छ भन्नु लाजमर्दो कुरा हो । मुलुकलाई समृद्ध बनाउन आयात होइन, निर्यात गर्नेतिर लाग्ने हो भने पनि समय लाग्ने छैन । गाई भैँसी मात्र यथेष्ट मात्रामा पाल्ने हो भने दूधमा आत्मनिर्भर बन्न सकिन्छ । अहिले युवाहरूले भित्र्याएको रेमिट्यान्स खाद्यान्न आयतमा बाहिरिएपछि यसले मुलुक समृद्ध नबनाउने निश्चितजस्तै देखिएको छ । मुलुकमा रेमिट्यान्स भित्र्याउने र सो रकम नबाहिरिने हो भने मुलुक समृद्ध हुनका लागि धेरै समय पर्खन पर्दैन । त्यसैले सरकारले समृद्ध बनाउने योजना लिएकै हो भने अब मुलुकले आयात होइन, निर्यात मात्र बढाउनुपर्छ ।

अम्बर मगर
धादिङ, हाल काठमाडौं ।
(इमेलबाट)

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

द्रष्टव्य : य दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdaily@gmail.com मा म्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित ामग्री लेखकको निजी विचार हो । -̇.



**गाउँ प्रवेशमा रोक** | सरकारले लागू गरेको बन्दाबन्दीको समयमा आफ्नो गाउँ प्रवेश गर्ने नाकामा खटिएका दिक्तेल-रूपाकोट मझुवागढी नगरपालिका-१४ बुइपाका युवा । हलेसी तुवाचुङ नगरपालिकाका एक युवकमा कोरोना भाइरसको संक्रमण देखिएपछि जिल्लाका दश वटै स्थानीय तहमा उच्च सतर्कता अपनाइएको छ।

तस्बिर : केदार मगर

# क्वारेन्टाइनमा लापरबाही भन्दै मर्चवारमा प्रदर्शन

■ प्रभाव संवाददाता



**बुटवल**–रूपन्देहीको मर्चवार क्षेत्रको कोटहीमाई गाउँपालिका-६ हर्दीस्थित बोगडी माविमा बनाएको क्वारेन्टाइनमा लापरवाही भएको भन्दै मर्चवारका स्थानीयले विरोध प्रदर्शन गरेका छन् ।

क्वारेन्टाइनमा भद्रगोल अवस्था रहेको र मापदण्ड पालना नगरिएको भन्दै शनिबार बिहान स्थानीय बासिन्दा प्रदर्शनमा उत्रिएका हुन् । क्वारेन्टाइनमा बसेकाहरू समेत साँझमा बाहिर निस्केर डुल्ने गरेको स्थानीयको आरोप छ । क्वारेन्टाइनमा बसेकाहरूका लागि खाना पकाउने १० जना कर्मचारी क्वारेन्टाइनमै बस्नुपर्नेमा नबसी दिनहुँ घरबाट आउ-जाउ गरेका, क्वारेन्टाइनमा पकाएको खाना लिएर गाउँ जाने गरेको उनीहरूको आरोप छ ।

७२ जना बसेको क्वारेन्टाइन व्यवस्थित नहुँदा समुदायमा कोरोना संक्रमण फैलिनसक्ने भन्दै हर्दी गाउँका सात वटा टोलका करिब चारसय जनाले गाउँपालिका अध्यक्ष र वडा अध्यक्षविरुद्ध नाराबाजी गरेका छन् ।

क्वारेन्टाइन नजिकै करिब एक घण्टा नाराबाजी गरेका उनीहरू गाउँपालिका अध्यक्ष र प्रहरी आएपछि भने तितरबितर भएका थिए । उनीहरूले क्वारेन्टाइनका कर्मचारीलाई घर आउ जाउ गर्न नदिई क्वारेन्टाइनमै छुट्टै व्यवस्था गरेर राख्नुपर्ने, क्वारेन्टाइनबाट बाहिर फोहोर फाल्न रोक्नुपर्ने र क्वारेन्टाइनस्थलमा नियमित प्रहरी र स्वास्थ्यकर्मी खटाउनुपर्ने माग गरेको बताएका छन् ।

क्वारेन्टाइनमा बसेकाहरूले खाना खाएको प्लास्टिकको थाल र गिलास बाहिर सडकमा जथाभावी फ्याँक्ने र पशु चौपायाले खाने गर्दा पनि जोखिम बढ्न सक्ने भन्दै बाहिर फोहोर नफाल्न माग गरेका छन् ।

खाना पकाउने कर्मचारी र क्वारेन्टाइनमा बसेकाले समेत लापरबाही गर्दा कोरोना संक्रमणको त्रास बढेको उनीहरूको भनाई छ । गाउँपालिका र वडाका अध्यक्षलाई भेटेर समस्या जानकारी गराउन पनि नपाएपछि गाउँलेहरू रुष्ट भएर विरोधमा उत्रिनुपरेको उनीहरूको भनाई छ ।

गाउँपालिकाका अध्यक्ष चन्द्रभूषण यादवले आफूविरुद्ध नाराबाजी गरेकाहरूले औपचारिक रूपमा कुनै माग नराखेको बताए ।

# अस्पताल आएपछि मनोबल बढ्यो: संक्रमित युवा

■ प्रकाश अधिकारी



**सुर्खेत**–दैलेखको आठबीस नगरपालिका-१ सात्तलाका ३५ वर्षीय युवकलाई कोरोना संक्रमण पुष्टि भएको पाँच दिनपछि शुक्रबार कोरोना विशेष अस्पताल सुर्खेत ल्याइयो । संक्रमितलाई तोकिएका अस्पतालमा नलगी विद्यालयमा बनाइएका मापदण्ड नपुगेका आइसोलेसनमा राखिएको भन्दै चर्को विरोध भएपछि उनलाई सो अस्पताल ल्याइएको हो । त्यसअघि ती युवकलाई दैलेखको नारायण नगरपालिका-८ स्थित सरस्वती माध्यमिक विद्यालयमा राखिएको थियो ।

प्रदेश अस्पतालका निर्देशक डा डम्बर खड्काका अनुसार संक्रमित युवा चिकित्सकसहित स्वास्थ्यकर्मीको निगरानीमा छन् । कर्णालीको पहिलो कोरोना संक्रमित उनले प्रदेश अस्पतालमा आएपछि आफ्नो मनोबल बढेको बताए ।

'चिकित्सकहरूले राम्रो उपचार हुन्छ, नआत्तिनुस्, तपाईंलाई सुर्खेत लैजाँदैछौँ भनेर एम्बुलेन्समा बसाल्नुभो' उनले दुखेसो पोखे 'कोरोना पोजेटिभ भएको सुन्दा मलाई त्यति दुःख लागेन, बरु प्रदेश अस्पतालमा लैजाने भनेर जंगलको बीचमा रहेको विद्यालयमा राख्दा साह्रै मन दुख्यो ।'

उनलाई विद्यालयको हलमा राखियो । तीन नर्स र एक चिकित्सक अर्को भवनको कोठामा बस्थे । श्यया र एउटा थर्मोमिटरबाहेक अरु केही थिएन ।

विद्यालयको आइसोलेसनमा रहँदाको अनुभव सुनाउँदै भने, 'क्वारेन्टिनबाट नारायण नगरपालिकाको विद्यालयमा ल्याएको दिन रक्तचाप र ज्वरो नापियो, नर्सहरूले मोबाइल नम्बर दिएका थिए, केही अप्ठ्यारो परे फोन गर्नु भनेर, तर फर्केर कोही आएनन्, त्रासैत्रासमा बसेँ, बेला-बेलामा आफैँ ज्वरो नापेर नर्सलाई फोन गरी जानकारी दिन्थेँ ।'

परिवार अत्तालिएका छन्, अब बाँच्दैन कि भनेर । 'मलाई केही हुँदैन भन्छु, तर भित्रभित्रै आफैँलाई भने डर लागिरहेको छ । मलाई अस्पताल नलगी यतै स्कूलमै राखेर मार्ने त होइनन् भन्ने मनमा लागिरहन्थ्यो' उनले भने, 'जब हिजोमात्रै सुर्खेत आइयो, त्यसपछि बाँचिन्छ होला भन्ने अलि आँट आएको छ ।'

संक्रमण पत्ता लागेपछि अस्पतालमा राखेर उपचार गर्नुका साटो उल्टै तनाव दिएको ती युवाको गुनासो छ । आफू पहुँचविहीन दलित समुदायको भएकाले उपचारमा बेवास्ता गरिएको उनको बुझाइ छ ।

यही जेठ ३ गते प्रदेश स्वास्थ्य निर्देशनालयबाट खटिएको प्रयोगशालाको टिमले ती युवासहित सात्तला लक्ष्मी मावि क्वारेन्टिनमा रहेका ३९ जनाको स्वाब संकलन गरेको थियो । जेठ ५ गते पिसीआर परीक्षणमा उनको नतिजा पोजेटिभ देखिएको थियो । रासस

## संक्षिप्त

### जुवातास खेलिरहेका ५ जना पक्राउ

**धनुषा(प्रस)**–जनकपुर उपमहानगरपालिका-९ पिडारी चोकस्थित जानकी वाटिकाको गेष्ट(हाउसमा जुवातास खेलिरहेको अवस्थामा मिथिला बिहारी नगरपालिका-७ बस्ने ५६ वर्षीय किशोरी साह समेत ५ जनालाई नगद २ लाख ७ हजार ५ सय ८५ रूपैयाँ सहित शुक्रबार दिउँसो प्रहरीले पक्राउ गरेको छ ।

उक्त गेष्ट-हाउसभित्र जुवातास खेलिरहेको भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त नगद सहित पक्राउ गरेको हो ।

### अफिम खेती नष्ट

**रुकुम (पूर्व)**–पुथाउत्तरगंगा गाउँपालिका-१२ क्यूवाङस्थित अन्दाजी २ रोपनी र सोही गाउँपालिका-५ खुरातिबाङस्थित अन्दाजी ६ रोपनी गरी ८ रोपनी क्षेत्रफल जग्गामा अवैध रूपमा लगाएको अफिम खेती शुक्रबार प्रहरीले नष्ट गरेको छ ।

जिल्ला प्रहरी कार्यालय रुकुम (पूर्व) र अस्थायी प्रहरी पोष्ट कोलबाट खटिएको प्रहरीले २ रोपनीमा रहेको अफिम खेती तथा जिल्ला प्रहरी कार्यालय रुकुम (पूर्व) र प्रहरी चौकी हुकामबाट खटिएको प्रहरीले ६ रोपनीमा रहेको अफिम खेती फडान गरी नष्ट गरेको हो ।

### अवैध लागूऔषध गाँजा बरामद

**सिरहा(प्रस)**–भगवानपुर गाउँपालिका-१ बाट अवैध लागूऔषध गाँजा करिब १ सय केजी शुक्रबार राति प्रहरीले बरामद गरेको छ । अस्थायी प्रहरी पोष्ट भगवानपुरबाट गस्तीमा खटिएको प्रहरीलाई देख्नासाथ अपरिचित व्यक्तिहरूले उक्त गाँजा फाली फरार भएपछि प्रहरीले वरामद गरेको हो ।

# विदेशिएका काभ्रेलीलाई थप क्वारेन्टिन

■ राजकुमार पराजुली

**काभ्रेपलाञ्चोक**–भारतलगायत विभिन्न देशमा ११ हजार ५८७ काभ्रेपलाञ्चोकका नागरिक रहेको तथ्यांक प्राप्त भएको छ । सरकारले विदेशबाट नेपाली नागरिक स्वदेश फर्काउने तयारीसँगै जिल्लास्तरीय संकट व्यवस्थापन केन्द्रले विदेशिएकाहरू घर फर्किए अनिवार्य क्वारेन्टिनमा राख्नपुर्ने जनाउँदै क्वारेन्टिनको थप्ने योजनामा जुटेको छ ।

काभ्रेपलाञ्चोकका १३ स्थानीय तह तथा संस्थामा ३४२ श्ययाको क्वारेन्टिन व्यवस्थित छन् । कोरोना भाइरस संक्रमणको उच्च जोखिम बढ्दै गएपछि व्यवस्थित गरिएका अधिकांश क्वारेन्टिन हाल रित्तिएका छन् । पाँचखाल नगर स्थित क्वारेन्टिनमा चार, धुलिखेल अस्पतालमा ११ र चौँरीदेउराली गाउँपालिकामा १७ जनाको हाल उपचार भइरहेको कोभिड-१९ रोकथाम तथा नियन्त्रण जिल्ला कमाण्ड पोष्टले जनाएको छ । अन्य केही क्वारेन्टिनमा बसेकाको दोस्रो परीक्षण तथा क्वारेन्टिन बसाइको समयावधि सकिएपछि घर फर्किएका हुन् ।

जिल्लास्तरीय क्वारेन्टिन व्यवस्थित गर्ने तथा भइरहेको क्वारेन्टिन थप व्यवस्थित गर्दै श्यया थप्ने तयारीमा जुटेको केन्द्रका संयोजक एवं प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमल्सिनाले बताए । उनले भने, 'काभ्रेपलाञ्चोकका विदेशिएका नागरिक फर्किए क्वारेन्टिनमा राख्नपुर्ने भएकाले हामीहरू पूर्वतयारीमा जुटेका हौँ ।' स्थानीय तहमार्फत दोस्रोपटक लिइएको तथ्यांकमा भारतलगायत विभिन्न देशमा ११ हजार ५८७ काभ्रेपलाञ्चोकका नागरिक रहेको तथ्यांक प्राप्त भएको हो । जसमध्ये एक हजार १२५ भारतमा छन् ।

गत माघ महिनायता ४५१ विदेशिएका काभ्रेली घर फर्किएको पोष्टले जनाएको छ । जसमध्ये चैत महिनामा मात्रै २५१ घर फर्किएका हुन् । त्यतिबेला २७ देशबाट घर फर्किएका थिए भने भारतपछि दुवईबाट फर्कनेको संख्या अधिक थियो । यसअघि विदेशबाट घर फर्किएका सबैको कोरोना भाइरस संक्रमण भए/नभएको स्वास्थ्य परीक्षण भइसकेको पोष्टका सदस्य एवं जिल्ला स्वास्थ्य प्रमुख डा नरेन्द्र झाले बताए । उनका अनुसार विदेशबाट घर फर्किएका केहीबाहेक सबैको स्वास्थ्य परीक्षण गरी होम क्वारेन्टिनमै बसाइएको हो । रासस


## छायाँनाथ रारा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
गमगढी, मुगु
कर्णाली प्रदेश, नेपाल

### जग्गा खरिदका लागि बोलपत्र आव्हान सम्बन्धी सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति २०७७।२।११**

प्रस्तुत विषयमा यस छायाँनाथ रारा नगरपालिकाको प्रशासकीय भवन निर्माणको लागि जग्गा खरिद गर्नुपर्ने भएकोले ईच्छुक जग्गा धनी व्यक्ति, फर्म वा कम्पनी बाट तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही के कति दररेटमा जग्गा विक्री गर्ने हो यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र कार्यालय समयमा सिलबन्दी बोलपत्र प्रस्ताव दर्ता गर्न आव्हान गरिन्छ ।

तपसिल
१) कम्तिमा पनि ५००० वर्ग मिटर जग्गा हुनु पर्नेछ छ ।
२) हाल नगरपालिकाको कार्यालय रहेको स्थानबाट २ किलोमिटर भित्र रहेको हुनुपर्ने ।
३) मुल सडकबाट ५०० मिटर भित्र र कम्तिमा पनि ३० फुटे बाटो जोडिएको हुनु पर्नेछ ।
४) जमिन समथर हुनुका साथै खोला, बाढी, पहिरोको डर नभएको हुनु पर्नेछ ।
५) जग्गाको स्वामित्वमा एकलौटी अधिकार भएको हुनु पर्नेछ ।
६) एकै व्यक्तिको नाममा रहेको जग्गा अपुग भएमा साध सिमाना जोडिएका र एकमुष्ट चौकिल्ला मिलेका जग्गा धनिले संयुक्त रुपमा बोलपत्र पत्र पेश गर्न सक्नेछन् ।
७) जग्गाको हालसम्मको कर तिरो तथा अन्य दस्तुर तिरिसकेको रसिद संलग्न हुनु पर्नेछ ।
८) सरकारी दररेट भन्दा बढी दररेट प्रस्ताव गरेको पाईएमा स्वत रद्द गरिनेछ ।
९) नगरपालिकाको नाममा जग्गा नामसारी भए पछि जग्गाको भुक्तानि दिईनेछ ।
१०) स्वामित्व हस्तान्तरण गर्दा लाग्ने राजश्व दस्तुर जग्गा धनी आफैले व्यहोर्ने छ ।
११) जग्गा भित्र रहेका रुख फलफूलहरु जग्गाको मूल्यभित्र पर्नेछन र भौतिक संरचना भए जग्गाको स्वामीत्व हस्तान्तरण भएको ३० दिन भित्र जग्गा धनीले हटाउनु पर्नेछ सो हटाए वापत नगरपालिकाले कुनै रकम उपलब्ध गराउने छैन ।
१२) जग्गाको उपयुक्तता, सुगमता , निकटता, परिपक्कता, सुरक्षा, प्रयाप्तता, तथा एकरुपताको आधारमा खरिद सम्बन्धि निर्णय नगरपालिकाले गर्नेछ ।
१३) जग्गाको साँध किल्ला जग्गा धनीले छुट्याई दिनु पर्नेछ ।
१४) जग्गामा रहेका खेतीपाती स्वामित्व हस्तान्तरण भएको मितिले ३० दिन भित्र खाली गरिदिनु पर्नेछ ।
१५) साध सिमाना नजाडिएको र एकमुष्ट चौकिल्ला नमिलेको जग्गा ग्राह्य हुने छैन ।
१६) विद्युतको केन्द्रीय प्रसारण लाईन भित्र पर्ने जग्गा हुनुहुदैन ।
१७) सडक ऐन अनुसार सडक सिमा भित्र पर्ने जग्गा हुनु हुँदैन ।
१८) पानीको सिमसार तथा धापिलो जमिन हुनु हुँदैन ।
१९) खानेपानी तथा विद्युतको पहुँच भएको हुनु पर्नेछ ।
२०) संयुक्त तथा एकल रुपमा दरभाउपत्र पेश गरिएको जग्गाहरु मध्ये सम्पूर्ण कित्ता वा आंशिक कित्ता वा कुनै कित्ताको केहि भागमात्र पनि खरिद गर्न सकिनेछ ।
२१) जग्गा धनी उपस्थित हुन नसकेमा कानूनी रुपमा जग्गा धनिको अधिकृत वारेस नामा पाएका व्यक्तिले समेत दर भाउ पत्र पेश गर्न सक्नेछ ।
२२) जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपि र फिल्ड बुक उतार संलग्न हुनु पर्नेछ ।
२३) जग्गाको नक्सा (ट्रेस नक्सा, फाईल नक्सा र ठूलो नक्सा ) संलग्न हुनु पर्नेछ ।
२४) जग्गा धनीको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि संलग्न हुनु पर्नेछ ।
२५) जग्गाको मूल्य प्रति वर्ग मिटर अंक र अक्षर दुवैमा उल्लेख गरिएको हुनु पर्नेछ ।
२६) प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ ।
२७) बोलपत्र छायाँनाथ रारा नगरपालिकाको प्राविधिक शाखाबाट खरिद गर्न सकिने छ ।
२८) बोलपत्र खरिदको लागि छायाँनाथ रारा नगरपालिकाको राष्ट्रिय बाणिज्य बैंक, मुगु शाखामा रहेका संचित खाता नं ४०६००३०४०१०००२ मा रु ३००० जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।
२९) बोलपत्र खरिद गर्ने अन्तिम मिति २०७७।३।८ कार्यालय समय भित्र ।
३०) बोलपत्र दाखिला गर्ने अन्तिम मिति २०७७।३।९ गते १२ बजे सम्म ।
३१) बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मितिको दिनको २ बजे बोलपत्र खोलिनेछ ।
३२) प्रक्रिया नपुगी र तोकिएको सयम भित्र दर्ता हुन नआएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
३३) यसमा नखुलेका कुराहरु प्रचलित ऐन तथा कानून बमोजिम हुनेछन ।

सम्पर्क फोन नं ०८७४६०२५२
वेवसाईट : **www.chhayanthrara.gov.np**

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक
National Daily




## फातिमाको शुभकामना

अभिनेत्री फातिमा शेखले आफ्नो निर्देशकलाई जन्मदिनको शुभकामना दिएकी छन्। फिल्म 'दंगाल' निर्देशक नितेश तिवारीको शुक्रबार जन्मदिन थियो। यस अवसरमा सोही फिल्मकी अभिनेत्री फातिमाले सामाजिक संजालमार्फत शुभकामना दिएका हुन्। सन् २०१६ मा रिलिज भएको उक्त फिल्ममा फातिमा आमिर खानको छोरीको भूमिकामा अभिनय देखिएकी थिइन्।



आइतबार, ११ जेठ २०७७ (Sunday, Ma



# मीराको गीतमा राजेशको स्वर

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली आधुनिक गीतसंगीतका अनुरागीका लागि गायिका तथा गीतकार मिरादेवी राईले आधुनिक गीत बजारमा ल्याएकी छन्। उनको भर्खरै बजारमा आएको 'तिमीलाई पाए' भाग २ रहेको छ। 'तिमीलाई पाए' भाग-१ को सफलतापछि यस गीतलाई बजारमा ल्याउन हौसला मिलेको मीराले बताएकी छन्।

गायिका तथा गीतकार मीराले भिडियो भने दुई महिनापछि मात्रे सार्बजनिक गरिने जनाएककी छन्। तर, दर्शकको आग्रहलाई ध्यानमा राख्दै हालको लागि यस गीतलाई लिरिकल भिडियोको रूपमा सार्वजनिक गरिएको उनले बताइन्।

मिरादेवी राई हाल प्रवासमा रहेकी छन्। उनले दुई वषयता गीत लेख्न थालेकी हुन्। यस अवधिमा वियोगान्त, संयोगान्त परदेशीको भाव समेटिएको थुप्रै गीतहरू लेखिसकेको उनले बताइन्। कुनैपनि गीतमा आफ्नो स्वर भर्नुभन्दा लेख्नमा बढी रुचि राख्ने मीराले रातको समयलाई लक्षित गर्दै गीत तयार गर्ने गर्दछिन्।

प्रवास बसाई निकै ब्यस्तामय हुँदा पनि उनले आफ्नो लेखनको क्रमलाई अगाडि बढाउँदै आएकी छन्। उनले राति ब्युँझिएर गीत तयार गर्ने बताइन्। पहिलेका गीतलाई झैँ यस गीतलाई पनि मन पराइदिनुभएमा आगामी दिनमा अझै उत्कृष्ट गीतहरू ल्याउने गायिका तथा गीतकार मीराले बताएकी छन्।

प्रस्तुत गीतमा स्वर राजेशपायल राईको रहेको छ। गीतलाई शब्द मीरादेवी राई र संगीत बिक्रम राईले भरेका छन्। 'तिमीलाई पाए' भाग-२ लाई गायिका तथा गीतकार मीराकै युट्युब च्यानलमार्फत सार्बजनिक गरिएको हो।

# सन्जिवको तिमीलाई पाए

■ प्रभाव संवाददाता



**काठमाडौं–** विश्वका अधिंकाश देश कोरोना भाइरस (कोभिड-१९) को प्रभाव दिनानुदिन बढ्दै गएको छ। नयाँ संक्रमित बिरामीको संख्या समेत बढिरहेको छ। यसैबेला स्रष्टाहरूले कोरोनाबाट बच्नका लागि नयाँ सिर्जनाहरू दर्शक तथा श्रोतामाझ ल्याइरहेका छन्। तर, यस मामलामा गायक सन्जिव पराजुली फरक देखिएका छन्। उनले कोरोनालाई नजोडिकन मायाप्रेमको गीत 'छैन मलाई पीर'को भिडियो लिएर आएका छन्।

डान्सिङ नम्बरको गीतमा दीपक शर्माको शब्द र संगीत छ। भिडियोमा कुसुम गुरुङ, नाजिर हुसेन, गायक सन्जिव पराजुली, सुनिता मगर, कोपिला बुढाथोकी र कपिल मगर फिचर्ड छन्। गीतमा मोहित मुनालको एरेन्ज छ।

ग्रामीण परिवेशको लोकेसनमा छायाँकन गरिएको गीतमा कुसुमलाई मनमनै मनपराएर उनीसँग नाचेको कल्पना गर्ने नाजिर त्यतिबेला भस्किन्छन्, जतिबेला कुसुमको इन्गेजमेन्ट सन्जिवसँग हुन्छ। भिडियोमा सन्जिव र नाजिरलाई दाजुभाईका रूपमा देखाइएको छ।

एलिन श्रेष्ठ निर्देशित भिडियोमा प्रशान्त तामाङको कोरियोग्राफी, उत्तम हुमागाईंको छायाँकन र लोकेश बज्राचार्यको कलर करेक्सन तथा सम्पादन छ। यो भिडियो गायक पराजुलीकै युट्युब च्यानलबाट सार्वजनिक गरिएको छ। सन्जिवको स्वरमा रहेका गीतहरू 'नाइँ मलाई थाहा छैन', 'किन कर्के नजर', 'हिट हिट गीत'लगायतका गीत दर्शकले रुचाएका गीतमा पर्दछन्।




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली फिल्म 'लभ यु हमेसा' युट्युवमा सार्वजनिक भएको छ। लकडाउनकै बेला यो फिल्म यु-ट्युबमा ल्याइएको हो। शिब ढकालले खिचेको फिल्ममा यशराज गरच, ऋचा, फिजाका साथमा गोपाल ढकाल (छन्दे), शिसिर राणा, करुणा श्रेष्ठ, निराजन मेहता, पिटी योल्मा, सल्देन तामाङ, प्रमिला राईलगायतका कलाकारले अभिनय गरेका छन्।

भारतको कालेबुङ, सिलुगुढी तथा फिलिपिन्सका बिभिन्न स्थानमा खिचिएको फिल्मका गीतमा कमल राई र रामजीको कोरियोग्राफी छ। मिलन गुरुङ सहनिर्माता रहेको फिल्मका निर्माता यवन रहेका छन्।



# नेपालको खेलकुद भविष्य अन्योल नै छ : सदस्य सचिव




■ प्रभाव संवाददाता

**काठमाडौं –** विश्वसँगै नेपालमा पनि कोरोना भाइरसले पारेको असरका कारण नेपालको खेलकुद भविष्य अन्यौल रहेको जनाइएको छ। राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिव रमेश सिलवालले नेपाली खेलकुदको भविष्यबारे अहिले यही नै हुन्छ भनेर भन्न नसकिने बताएका हुन्।

अखिल नेपाल फुटबल संघ एन्फा 'ए' डिभिजन लिग-२०७६ को टेक्निकल ह्याण्डबुक सार्वजनिक गर्दै सदस्य सिचव सिलवालले कोरोना भाइरस कोभिड-१९ ले गर्दा नेपाली खेलकुद गतिविधिमा प्रभाव परेको बताए।

कोरोना भाइरसले गर्दा फुटबलकै 'बी' डिभिजन स्थगित भएको छ। 'सी' डिभिजन लिग सुरु हुन पाएन। 'हामीले विदेशमा जस्तो सबै हेरफेर गरेर खाली मैदानमा गर्ने गरी तयारी गरेका थियौं। सकारात्मक स्थिति बनेको थियो,' सिलवालले भने, 'तर फेरि कोरोनाको संक्रमण बढ्दै जाँदा त्यो गर्न नसक्ने स्थिति आयो।'

सदस्य सचिव सिलवालले नेपाली खेलकुदको अब कहिले सुरु हुन्छ भन्न नसकिने बताए। 'यस्तो अवस्थामा अब यसै भन्न सक्ने स्थिति छैन,' सिलवालले भने, 'अब खेल क्षेलाई नर्मल गर्नुपर्छ। आम खेलाडीलाई पनि नर्मल गर्नुपर्छ।' उनले सरकारको नियम पनि पालना गर्नुपर्ने बताए। फुटबलको प्रसंगमै सिलवालले अब 'ए' डिभिजन लिगलाई अझै व्यवस्थित पार्नुपर्ने ग्रेडिङ गर्नुपर्नेलगायत काम गर्नुपर्ने बताए।

एन्फाले दक्षिण एसियामै पहिलो भनेको लिगको टेक्निकल रिपोर्ट सार्वजनिक गर्दै सिलवालले यो राम्रो सुरुआत भएको बताए।

सहिद स्मारक 'ए' डिभिजन लिग सकिएको करिब ३ महिनापछि एन्फाले राखेपलाई टेक्निकल रिपोर्ट बुझाएको हो। लिग गत वर्षको फागुनमा सम्पन्न भएको थियो। लिगको उपाधि पहिलो पटक मछिन्द्र फुटबल क्लबले जितेको थियो। टेक्निकल रिपोर्टमा लिगको विजेताको नाम, सहभागी क्लब, लिगमा भएका सबै गतिविधी, खेलाडीको नामावली, पहेलो कार्ड, रातो कार्ड लगायतको जानकारी रहेको एन्फाले जनाएको छ।

# आईसीसीद्वारा कोरोनापछिको क्रिकेटका लागि छुट्टै गाइडलाइन सार्वजनिक

■ एजेन्सी

**युएई –** अन्तर्राष्ट्रिय क्रिकेट परिषद (आईसीसी) ले क्रिकेट सुचारुका लागि ' गाइडलाइन' सार्वजनिक गरेको छ। कोरोना भाईरसको महामारीपछि स्थगित क्रिकेट सुचारुका लागि आईसीसीले शुक्रबार ' गाइडलाइन' सार्वजनिक गरेको हो।

आईसीसीले आफ्ना सम्पूर्ण सदस्य राष्ट्रका लागि गाइडलाइन निकालेको हो। क्रिकेट सुचारुका लागि सदस्य राष्ट्रले आईसीसीको गाइडलाइनलाई पालना गर्नु पर्नेछ। कोरोनाको महामारीबीच सुरक्षित तरिकाले क्रिकेट सुचारुका लागि गाइडलाइन ल्याईएको आईसीसीले जनाएको छ।

कोरोनाको कारण गत मार्चबाट विश्वभर क्रिकेट गतिविधि स्थगित भएको छ। १६ पेजको बुकलेट तयारी गरि आईसीसीले आफ्ना सबै सदस्य राष्ट्रलाई गाइडलाइन काम गर्ने निर्देशन समेत दिएको छ। गाइडलाइनमा सबैभन्दा प्रमुख महत्वका साथ 'पहिला सुरक्षा'को अवधारणालाई अगाडि सारेको छ। त्यस्तै सरकारको निर्णयलाई पनि पालना गर्नुपर्ने आईसीसीको अर्को बुँदा रहेको छ।

गाइडलाइनमा सामूदायिक क्रिकेट, घरेलु क्रिकेट र अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगिताहरूका सम्बन्धमा फरक फरक अवधारणा सार्वजनिक गरिएको छ।




# आगामी जुनबाट क्रिकेट सुरु गर्दै श्रीलंका

■ एजेन्सी

**कोलम्बो –** श्रीलंकामा आगामी जुन महिनाबाट क्रिकेट सुचारु गर्ने तयारी भएको छ। श्रीलंका क्रिकेट बोर्डले जुन महिनाबाट क्रिकेट सुचारु गर्ने तयारी गरेको हो।

श्रीलंकाको प्रशिक्षक मिक्की आर्थरले जुन महिनाबाट श्रीलंकाको क्रिकेट टिमले अभ्यास सुरु गर्न लागेको बताएका छन्।

प्रशिक्षक आर्थरका अनुसार श्रीलंका सरकार र स्वास्थ्य मन्त्रालयले समेत अभ्यास सुचारु गर्न अनुमति दिएको छ। 'गत बुधबार हामीले छोटो बैठक बसेका थियौं किनकि जुनबाट हाम्रो अभ्यास सुरु गर्ने तयारी चल्दै छ,' आर्थरले क्रिकइन्फोसँग भने। यस्तै उनले सुरुमा २ फास्ट बलर अभ्यास सुरु गर्ने र सबै सकारात्मक र सही तरिकाले चले सबै टिमलाई अभ्यासमा सहभागी गराउने बताए।

'फास्ट बलरलाई लयमा ल्याउन समय लाग्ने भएको कारण सुरुमा फास्ट बलरलाई अभ्यासमा बोलाउने छौं,' उनले थपे, 'सबै सकरात्मक रहे जुन २० सम्म सबै खेलाडीलाई अभ्यासमा सहभागी गराउने छौं।' विश्वभर महामारीको रूपमा फैलिएको कोरोना भाइरसको कारण श्रीलंकाले इंग्ल्याण्ड र दक्षिण अफ्रिकाविरुद्धको घरेलु सिरिज रद्द गरेको थियो।

**भारत र दक्षिण अफ्रिकाबीच अगष्ट अन्तिममा**

भारत नयाँदिल्ली भारत र दक्षिण अफ्रिका आगामी अगष्टको अन्तिममा टी-ट्वान्टी अन्तर्राष्ट्रिय क्रिकेट सिरिज खेल्न सहमत भएका छन्। दुवै देशका क्रिकेट बोर्ड अगष्ट अन्तिममा तीन खेलको सिरिज खेल्न सहमत जनाएका हुन्। तर, यी दुई बोर्डले सहमति जनाएपनि दुवै देशका सरकारले यसमा थप सहमति जनाउनु पर्ने आवश्यक रहेको छ।

विश्वभर महामारीको रूपमा फैलिएको कोरोना भाइरसको कारण हाल विश्व खेलकुद जगत अस्तव्यस्त भएको छ। लामो समयबाट क्रिकेट नभएको बेला दक्षिण अफ्रिकाका क्रिकेट डिरेक्टर ग्रेम स्मिथ र भारतीय क्रिकेट बोर्डका अध्यक्ष सौरभ गांगुली सिरिज खेल्न सहमत भएका हुन्।

दुवै देशका शीर्ष व्यक्तिले फोन मार्फत नै सिरिजमा समर्थन जनाएका हुन्। सिरिज दक्षिण अफ्रिकाले आयोजना गर्ने तयारी गरेको छ। सिरिज दुवै राष्ट्रलाई लाभ हुने अपेक्षा गरिएको छ। 'हामीले उनीहरू (भारत) सँग कुरा गरेका थियौं र तीन टी-ट्वान्टी क्रिकेट खेल्न सहमत भएका छौं,' स्मिथले भने, 'तर त्यसबीचमा धेरै काम गर्नु पर्ने छ। कसैलाई थाहा छैन कि अगष्ट अन्तिम सम्म अवस्था कस्तो हुन्छ। तर हाम्रो सामाजिक दूरी कायम गर्ने खेल हो र हामी बन्द रंगशालामा खेल्न सक्छौ।'